नेपाल सरकार

अर्थ मन्त्रालय

# सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौं

## २०८३ वैशाख मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदन

### १. सार्वजनिक ऋण दायित्वको अवस्था


चालु आर्थिक वर्षको शुरुमा कुल सार्वजनिक ऋण रु. २६ खर्ब ७४ अर्ब ०४ करोड रहेकोमा वैशाख मसान्तसम्ममा विनिमय दरमा भएको नोक्सानी सहित रु. ३ खर्ब ९९ करोड थप वृद्धि भई कुल सार्वजनिक ऋण दायित्व रु. २९ खर्ब ७५ अर्ब ४ करोड पुगेको छ। जुन कुल गार्हस्थ उत्पादनको ४५.०८ प्रतिशत हुन आउँछ। कुल सार्वजनिक ऋणमा वैशाख मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५३.५७ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४६.४३ प्रतिशत रहेको छ।

तालिका १: सार्वजनिक ऋणको दायित्व स्थिति

रकम रु. करोडमा

| सि.नं. | ऋणको विवरण | सुरु मौज्दात (२०८२ श्रावण १) | २०८२/८३ को वैशाख मसान्त सम्मको प्राप्ति | २०८२/८३ को वैशाख मसान्तसम्मको भुक्तानी (व्याज बाहेक) | विनिमय नाफा/नोक्सान | जम्मा तिर्न बाँकी ऋण | कुल गार्हस्थ उत्पादनको आधारमा ऋण प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | जम्मा ऋण दायित्व | २६७,४०४.७७ | ३६,५१६.११ | २३,१९२.५१ | -१६,७७५.६५ | २९७,५०४.०२ | ४५.०८ |
| १ | आन्तरिक ऋण दायित्व | १२६,८२२.४१ | २९,८६६.६९ | १८,५६६.५३ | ०.०० | १३८,१२२.५७ | २०.९३ |
| २ | वाह्य ऋण दायित्व | १४०,५८२.३६ | ६,६४९.४२ | ४,६२५.९८ | -१६,७७५.६५ | १५९,३८१.४५ | २४.१५ |

चित्र १: सार्वजनिक ऋण दायित्वको विवरण




## २. सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति

चालु आर्थिक वर्षमा जम्मा रु. ५ खर्व ९५ अर्ब ६६ करोड सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा वैशाख मसान्तसम्ममा रु. ३ खर्व ६५ अर्ब १६ करोड ऋण प्राप्ति भएको छ। वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति ६१.३० प्रतिशत रहेको छ। जसमध्ये आन्तरिक र बाह्य ऋण प्राप्तिको प्रगति क्रमश ८२.५० र २८.४६ प्रतिशत रहेको छ। कुल सार्वजनिक ऋण प्राप्ति मध्ये आन्तरिक र बाह्य ऋणको हिस्सा क्रमशः ८१.७९ र १८.२१ प्रतिशत रहेको छ।

तालिका २: सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति स्थिति रकम रु. करोडमा

| सि.नं. | ऋणको विवरण | २०८२/८३ को वार्षिक लक्ष्य | २०८२/८३ को वैशाख मसान्त सम्मको प्राप्ति | प्राप्ति गर्न बाँकी | लक्ष्यको आधारमा प्राप्ति प्रतिशत | प्राप्तिमा आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा |
|---|---|---|---|---|---|---|
| | जम्मा सार्वजनिक ऋण | ५९,५६६.३१ | ३६,५१६.११ | २३,०५०.२० | ६१.३० | १००.०० |
| १ | आन्तरिक ऋण | ३६,२००.०० | २९,८६६.६९ | ६,३३३.३१ | ८२.५० | ८१.७९ |
| २ | वाह्य ऋण | २३,३६६.३१ | ६,६४९.४२ | १६,७१६.८९ | २८.४६ | १८.२१ |

चित्र २: सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति




## ३. सार्वजनिक ऋणको साँवा र व्याज भुक्तानीको बजेट र यथार्थ खर्च

चालु आर्थिक वर्ष २०८२/८३ मा ऋण सेवा खर्चमा रु ४ खर्ब ११ अर्ब १ करोड बजेट विनियोजन भएकोमा वैशाख मसान्तसम्म रु २ खर्ब ९२ अर्व ५२ करोड भुक्तानी भएको छ। यो वार्षिक बजेट विनियोजनको आधारमा ७१.१७ प्रतिशत हो। कुल गार्हस्थ उत्पादनको आधारमा वैशाख मसान्तसम्ममा कुल ऋण सेवा खर्च ४.४३ प्रतिशत रहेको छ।

तालिका ३: सार्वजनिक ऋणको साँवा र व्याज भुक्तानीको बजेट र यथार्थ खर्च स्थिति रकम रु. करोडमा

| सि.नं. | ऋणको विवरण | वार्षिक बजेट | २०८२/८३ को वैशाख मसान्तम्मको भुक्तानी | बाँकी बजेट | खर्च प्रतिशत | कुल गार्हस्थ उत्पादनको आधारमा ऋण सेवा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | जम्मा सार्वजनिक ऋण सेवा | ४१,१०१.०३ | २९,२५२.२२ | ११,८४८.८१ | ७१.१७ | **४.४३** |
| २ | आन्तरिक ऋण भुक्तानी | ३४,३५५.८७ | २३,६१९.५० | १०,७३६.३७ | ६८.७५ | **३.५८** |
| | साँवा भुक्तानी | २५,०५९.७३ | १८,५६६.५३ | ६,४९३.२० | ७४.०९ | **२.८१** |
| | व्याज भुक्तानी | ९,२९६.१४ | ५,०५२.९७ | ४,२४३.१७ | ५४.३६ | **०.७७** |
| ३. | वाह्य ऋण भुक्तानी | ६,७४५.१६ | ५,६३२.७२ | १,११२.४४ | ८३.५१ | **०.८५** |
| | साँवा भुक्तानी | ५,१८८.०० | ४,६२५.९८ | ५६२.०२ | ८९.१७ | **०.७०** |
| | व्याज भुक्तानी | १,५५७.१६ | १,००६.७३ | ५५०.४३ | ६४.६५ | **०.१५** |
| ४ | जम्मा साँवा खर्च | ३०,२४७.७३ | २३,१९२.५१ | ७,०५५.२२ | ७६.६८ | **३.५१** |
| ५ | जम्मा व्याज खर्च | १०,८५३.३० | ६,०५९.७१ | ४,७९३.५९ | ५५.८३ | **०.९२** |



## ४. खुद ऋण परिचालन


चालु आर्थिक वर्ष २०८२/८३ को वैशाख मसान्त सम्ममा सार्वजनिक ऋणको खुद परिचालन १ खर्ब ३३ अर्ब २३ करोड रहेको छ। यस अवधिमा सार्वजनिक ऋण वृद्धिमा खुद ऋण परिचालनको अंश ४४.२७ प्रतिशत र विदेशी विनिमय घाटाको अंश ५५.७३ प्रतिशत रहेको छ। विदेशी विनिमय घाटाका कारणले मात्र ६.२७ प्रतिशतले सार्वजनिक ऋण वृद्धि भएको छ।

तालिका ४: खुद ऋण परिचालन स्थिति

रकम रु. करोडमा

| सि.न. | ऋणको विवरण | २०८२/८३ को वैशाख मसान्त सम्मको प्राप्ति | २०८२/८३ को वैशाख मसान्तसम्मको भुक्तानी (व्याज बाहेक) | विनिमय नाफा/नोक्सान (साँवा भुक्तानीमा) | ऋणको खुद परिचालन | कुल वृद्धि | खुद ऋण परिचालनको तुलनामा ऋण वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | जम्मा ऋण दायित्व | ३६,५१६.११ | २३,१९२.५१ | -१६,७७५.६५ | १३,३२३.६० | ३०,०९९.२५ | ४४.२७ |
| १ | आन्तरिक ऋण दायित्व | २९,८६६.६९ | १८,५६६.५३ | ०.०० | ११,३००.१६ | ११,३००.१६ | १००.०० |
| २ | वाह्य ऋण दायित्व | ६,६४९.४२ | ४,६२५.९८ | -१६,७७५.६५ | २,०२३.४४ | १८,७९९.०९ | १०.७६ |

चित्र ४: खुद ऋण परिचालन



## ५. आ.व. २०८२/८३ मा सार्वजनिक ऋणको प्राप्ति र भुक्तानीको मासिक विवरण

तालिका ५: सार्वजनिक ऋणको प्राप्ति र भुक्तानीको मासिक विवरण

रकम रु. करोडमा

| सि.नं. | ऋण सेवा स्थिति | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आन्तरिक ऋण भुक्तानी | ३,२५८.७० | ३,५४४.२६ | २,८३८.१९ | ३,५२४.५६ | ६०२.३५ | १,७४५.५४ | १,५४७.४४ | ३,४१९.१२ | ४५७.८५ | २,६८१.५० | | | २३,६१९.५० |
| १.१ | साँवा भुक्तानी | २,७१०.०० | २,९३०.०० | २,३७५.०० | ३,२११.०० | २००.०० | १,२५०.०० | १,०००.०० | २,७०१.५३ | ०.०० | २,१८९.०० | | | १८,५६६.५३ |
| १.२ | व्याज भुक्तानी | ५४८.७० | ६१४.२६ | ४६३.१९ | ३१३.५६ | ४०२.३५ | ४९५.५४ | ५४७.४४ | ७१७.५९ | ४५७.८५ | ४९२.५० | | | ५,०५२.९७ |
| २ | वाह्य ऋण भुक्तानी | ४४४.६९ | ६५५.२६ | ३२१.९० | ५७५.३३ | ९३६.३३ | २६५.६१ | १०५.४५ | ४४२.१३ | १,१५९.६८ | ७२६.३३ | | | ५,६३२.७२ |
| २.१ | साँवा भुक्तानी | ३४५.११ | ५२२.०० | २४२.४८ | ४९९.५६ | ७९५.५८ | २०८.६६ | ६२.७० | ३६६.३४ | ९९६.५९ | ५८६.९७ | | | ४,६२५.९८ |
| २.२ | व्याज भुक्तानी | ९९.५८ | १३३.२६ | ७९.४३ | ७५.७७ | १४०.७५ | ५६.९५ | ४२.७५ | ७५.७९ | १६३.०९ | १३९.३६ | | | १,००६.७३ |
| ३ | ऋण प्राप्ति | ४,४६६.६१ | ३,६१८.७६ | २,३४१.३८ | ३,८३६.९७ | ३,५४९.१४ | ३,६४३.४६ | ४,१०५.६४ | ४,५२५.२४ | ४,८४१.३२ | १,५८७.५९ | | | ३६,५१६.११ |
| ३.१ | आन्तरिक ऋण प्राप्ति | ४,०००.०० | ३,०००.०० | २,०००.०० | ३,०००.०० | २,७६६.६९ | ३,०००.०० | ४,०००.०० | २,६००.०० | ४,०००.०० | १,५००.०० | | | २९,८६६.६९ |
| ३.२ | वाह्य ऋण प्राप्ति | ४६६.६१ | ६१८.७६ | ३४१.३८ | ८३६.९७ | ७८२.४५ | ६४३.४६ | १०५.६४ | १,९२५.२४ | ८४१.३२ | ८७.५९ | | | ६,६४९.४२ |

द्रष्टव्य:

१. वैदेशिक ऋण प्राप्ति तर्फ प्रतिवेदनको समयभित्र कार्यालयमा प्राप्त भएका Disbursement Letter को आधारमा अभिलेख राखिएको छ। यस अवधि भित्र समावेश हुने तर प्रतिवेदन समय पश्चात् Disbursement Letter प्राप्त भई प्रविष्टि हुँदा यस प्रतिवेदनमा उल्लेख गरिएको मासिक बाह्य ऋण प्राप्ति फरक पर्न सक्नेछ।

२. सम्वत् २०८३ वैशाख १५ गते राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित आर्थिक वर्ष २०८२/८३ को राष्ट्रिय लेखा सम्बन्धी वार्षिक तथ्याङ्कमा गणना गरिएको कुल गार्हस्थ उत्पादनलाई तुलनाको आधार लिइएको छ।

QR- Link for Monthly Report